# Terms of Reference (TOR)
# प्रारम्भिक बालविकास कक्षाका लागि सिकाइ सामग्री खरिद

## १. परिचय

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सामुदायिक ग्रामीण विकास समाज - दार्चुला, पीसबिन - बाजुरा, सामुदायिक विकास केन्द्र - डोटी, मालिका विकास संघ - अछाम, सेवक नेपाल - कैलाली, किर्डाक नेपाल - मुगु/हुम्ला, सोनाहा विकास समाज - बर्दिया, संगम - म्याग्दी, सोर्डेक नेपाल - पर्वत, नौलो घुम्ती नेपाल - कास्की, पद्धती विकास सेवा केन्द्र - गोरखा, ग्रामीण विकास तथा सशक्तिकरण केन्द्र - नुवाकोट, लेले सामुदायिक विकास केन्द्र - ललितपुर, आसमान नेपाल - धनुषा र दलित समाज उत्थान समिति नेपाल - महोत्तरीले १७ वटा जिल्लाका विभिन्न नगरपालिका र गाउँपालिकाहरुमा एकीकृत सामुदायिक विकास परियोजना संचालन गर्दै आइरहेकोछ । यसै परियोजना अन्तर्गत स्पोन्सरसीप कार्यक्रममा आवद्ध प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरुको लागि तोकिएको मापदण्ड अनुसार तयार गरिएका उपयोगी र सरल सिकाइ सामग्रीहरु प्रारम्भिक बालविकास कक्षालाई प्रदान गर्दै आइरहेको छ ।

## २. उद्देश्य

यस कार्यक्रमको प्रमुख उद्देश्य, प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याई समतामुलक गुणस्तरीय सिकाइको अवसर सुनिश्चित गर्नु हो । आवश्यक र सान्दर्भिक प्रारम्भिक बालविकासको लागि तोकिएको मापदण्ड अनुसार तयार गरिएको उपयोगी शैक्षिक सिकाइ सामग्रीहरुको प्रयोगद्वारा बालबालिकाहरुलाई शिक्षा प्रदान गर्नु रहेको छ ।

## ३. कार्यक्रमको क्षेत्र

प्रारम्भिक बालविकास कक्षा र विद्यार्थीका लागि सामग्री सहयोग कार्यक्रमको क्षेत्रले, प्राविधिक तथा विशिष्टिकरण तालिकामा उल्लेख गरेको शैक्षिक सामग्रीको वास्तविक परिमाण, गुणस्तर तथा अन्य खरिदका सूचकको बारेमा बताउँछ। साथै, यस कार्यक्रमको क्षेत्रले आपुर्तिकर्ताले आपुर्ति गर्नुपर्ने सामग्रीको ढुवानी समय र स्थानका बारेमा पनि प्रष्ट पार्दछ ।

## ४. बोलपत्रका कागजातहरु

यस सिलबन्दी बोलपत्र आव्हानमा कार्यक्रमको क्षेत्र, बोलपत्रको प्रक्रिया, र सम्झौताका सर्तहरुका बारेमा उल्लेख गरिएको छ। यस आव्हानमा, निम्नानुसारका फाईलहरु समावेश गरिएको छ ।

- विशिष्टिकरण विवरण/सुची
- बोलपत्र फारम

● सर्तनामाहरु (TOR)

बोलपत्र आवेदकले बोलपत्र आव्हानमा समावेश गरिएका कागजातहरु, TOR, विशिष्टिकृत विवरण/सुची र बोलपत्र फारममा दिईएका सबै विवरण र सर्तनामाहरुका बारेमा राम्ररी अध्ययन र विश्लेषण गर्नुपर्नेछ। TOR मा उल्लेख गरिएका कागजातहरु अपूग भई आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

# ५. बोलपत्रको तयारी

## ५.१ बोलपत्रको भाषा

बोलपत्र आवेदकले तयार पारेको वा पार्ने बोलपत्र, सम्बन्धित कागजात तथा अन्य निर्णय सम्बन्धिका कागजात वा सुचनाहरु अँग्रेजी वा नेपाली वा अँग्रेजी नेपाली दुईटै भाषामा लेख्न वा तयार पार्न सकिने छ ।

## ५.२ बोलपत्रमा समावेश गर्नुपर्ने कागजातहरु

बोलपत्र आवेदकले तयार गर्ने वा पेश गर्ने बोलपत्रले तपशिल बमोजिमको कागजात पेश गरेको हुनु पर्नेछ ।

५.२.१ बोलपत्र फारम र अन्य समय तालिका अनिवार्य रुपले दिईएको नमुना (Format) अनुसार हुनु पर्नेछ। साथै, अन्य तथ्याङ्कहरु प्राविधिक विशिष्टिकरण विवरण अनुसूचीमा दिईएको अनुसार हुनु पर्नेछ।

५.२.२ बोलपत्र सुरक्षा सहित सबै आवश्यक बोलपत्र कागजातहरू हुनुपर्नेछ ।

५.२.३ बोलपत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पूर्णरुपमा अख्तियारनामा/अधिकार प्राप्त हुनुपर्नेछ ।

## ५.३ बोलपत्र सुरक्षा र कार्यसम्पादन सुरक्षा

५.३.१ माथिको दफा ५.२.२ बमोजिम, बोलपत्र आवेदकले उल्लेखित सामग्री अनुसारको बोलपत्र पेश गर्दा हुन आएको जम्मा रकमको २.५ प्रतिशत रकम नेशलनल खरिद कन्सोर्टियम कमिटीको संयोजक संस्था किर्डाक (KIRDARC) नेपालको नाममा बोलपत्र सुरक्षा जमानी ९० दिनको अवधी (Bank Guarantee of 90 days validity) पत्र अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

सफल बोलपत्र वा छनोट भएका आवेदकहरुका हकमा कार्यसम्पादन सुरक्षा बोलपत्र पछिको हुन आएको जम्मा रकमको १० प्रतिशत रकम कार्यसम्पादन सुरक्षा ६ महिना अवधिको (Performance Security of at least 6 months) जमानी पत्र सम्बन्धित संस्थाहरुका नाममा कार्य सम्पादन सम्झौता हस्ताक्षर गर्न अगावै उपलब्ध गर्नुपर्नेछ ।

५.३.२ छनोट नभएको बोलपत्र आवेदकको बोलपत्र सुरक्षा बोलपत्र मूल्याङ्कन वैध अवधि समाप्त भएको सात दिन भित्रमा उपलब्ध गराइनेछ। सफल बोलपत्र वा छनोट भएका आवेदकको बोलपत्र सुरक्षा कार्यसम्पादन सुरक्षा उपलब्ध गराएपछि फुकुवा गरिनेछ ।

बोली सुरक्षा र कार्यसम्पादन सुरक्षा जफत हुन सक्छ :

(क) बोलपत्र आवेदकले बोलपत्र फारममा तोकेको बोलपत्र वैध अवधिमा बोलपत्र फिर्ता लिएमा; वा

(ख) छनोट भएको बोलपत्र आवेदकको हकमा, यदि आपूर्तिकर्ता असफल भएमा,

(१) सम्झौतामा हस्ताक्षर गर्न, वा

(२) सम्झौता बमोजिम आवश्यक कार्यसम्पादन सुरक्षा प्रदान गर्न ।

### ५.४ बोलपत्रको मूल्य

५.४.१.बोलपत्र आवेदकले बोलपत्रमा आव्हान गरिएको, बोलपत्रको सबै क्षेत्र खुल्ने गरी, प्रत्येक ईकाईको विस्तृत मुल्य पेश गर्नु पर्नेछ । जम्मा बोलपत्र मुल्यले, आपुर्तिकर्ताले, व्यहोर्नु पर्ने, तोकिएको सबै अनिवार्यताहरु, वा तथ्यपरक तरिकाले, बोलपत्रमा संलग्न कागजातहरुले तोके बमोजिमले हुन आउने, डिजाईन, आपुर्ति तथा ढुवानीको खर्च समेत, प्रत्येक सामानको सुहाउँदो ईकाई मुल्य र कुल परिमाणबाट हुन आउने जम्मा मुल्य, अंक र अक्षरमा प्रष्ट रुपमा लेख्नुपर्नेछ । बोलपत्रमा प्रस्तुत गरिने मुल्य, दुईटै अंक र अक्षरमा नेपाली रुपैयामा हुनुपर्नेछ । मूल्य अंक र अक्षर फरक पर्न गएमा कम दर जनाउले लाई मान्यता दिइने छ ।

५.४.२ बोलपत्र आवेदकले पेश गरेको बोलपत्र मुल्यले, सबैप्रकारको मुल्य, कर्तव्य, कर र कार्यान्वयन गर्दाको हुन आउने सबै खर्चको विस्तृत विवरण पेश हुनु पर्नेछ ।

### ५.५ बोलपत्रको वैद्य समयाअवधि

५.५.१ बोलपत्रको वैद्य समयाअवधी, बोलपत्र खुलेको दिनदेखि २१ दिनको हुनेछ ।

५.५.२ दफा ५.५.१ अनुसार, खरिदकर्ताले बोलपत्रको वैद्य समय विस्तार गर्न, बोलपत्र आवेदक संस्थालाई अनुरोध गर्न सक्नेछ । तर त्यस्तो अनुरोध र त्यसबाट प्राप्त हुने प्रतिक्रियाहरु सबै ईमेल, चिठी वा फ्याक्स मार्फत लिखित रुपमा मात्रै आदान प्रदान हुनेछ ।

### ५.६ बोलपत्रको हस्ताक्षर र नमूना

५.६.१ बोलपत्रको सक्कल कपी टाईप वा नमेटिने मसिले लेखी, कम्पनी वा फर्मको आधिकारीक व्यक्ति वा अख्तियारनामा प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनु पर्नेछ। त्यस्तो अख्तियारनामा लिखित रुपमै दिईएको पत्र बोलपत्र संगै पेश गर्नु पर्नेछ (यदि अख्तियारी दिएको खण्डमा) ।

५.६.२ बोलपत्रमा गल्ति सच्याउन, (अनिवार्यता बाहेक) कुनै पनि किसिमको थपघट वा केरमेट गर्नु हुदैन । यदि सच्याईएको छ भने, आधिकारीक व्यक्तिको हस्ताक्षर अनिवार्य हुनु पर्नेछ ।

## ६. बोलपत्र पेश

### ६.१ बोलपत्रको सिलबन्दी र संकेत

६.१.१ बोलपत्रको पेशः बोलपत्रको सक्कली कागजातहरु (**Hard Copies**) सिलबन्द गरी बोलपत्र आव्हानको अन्तिम समय अगावै खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ ।

६.१.२ सम्पूर्ण कागजात (संस्थागत वा अन्य कागजात) र बोलपत्र दरभाउ फारम (Bidding Form) छुट्टा छुट्टै खाममा सिलबन्द हुनुपर्नेछ । तत्पश्चात दुवै खामलाई एउटा अर्को ठूलो खाममा सिलबन्द गरी, बोलपत्र आवेदक कम्पनी वा फर्मको पस्रा नाम र ठेगाना र ठूलो अक्षरले **"प्रारम्भिक बालविकास कक्षाका लागि सिकाइ सामग्री -बोलपत्र"** लेखेर दफा २३ ले तोकेको संस्थाहरुको कार्यालयमा पेश गर्नु पर्नेछ ।

६.१.३ बोलपत्र आवेदकले व्यक्तिमार्फत बोलपत्र पठाउन सक्नेछन र सम्बन्धित तोकिएको संस्थामा दर्ता गर्नु पर्ने छ । Telex, Telegram र Fax बाट पठाईएका कुनै पनि बोलपत्र स्विकार गरिने छैन । Airlines र Cargo Agency मार्फत बोलपत्र संकलनका लागि प्राप्त हुने कुनै पनि अनुरोधलाई पनि स्विकार गरिने छैन ।

६.१.४ कुनै निश्चित एक ठाउँ वा जिल्लाको लागि मात्र सेवा दिने बोलपत्रलाई स्वीकार गरिने छैन् ।

### ६.२ एक आवेदक, एक बोलपत्र

हरेक आवेदकले, आफै, साझेदारी वा संयुक्त रुपले गरी कुनै एक वा एक भन्दा बढी सामग्रीको लागी बोलपत्र पेश गर्न सक्ने छ । तर एउटै आवेदकले एकपटक (एकल वा संयुक्त रुपमा) बोलपत्र पेश गरेपछि पुनःसाझेदार भई वा संयुक्त रुपमा बोलपत्र पेश गर्न पाईने छैन । कुनै पनि बोलपत्र आवेदकले, एक भन्दा बढी बोलपत्र पेश गरेको पाईएमा, सबै बोलपत्र अस्विकृत हुनेछन् ।

### ६.३ ढिलो गरी प्राप्त हुने बोलपत्र

बोलपत्र पेशका लागी तोकेको अन्तिम मिति नाघेर, खरिदकर्ता समक्ष प्राप्त भएका कुनै पनि बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

### ६.४ बोलपत्रको परिमार्जन तथा फिर्ता

बोलपत्र आवेदकलाई, एक पटक पेश गरिसकेको बोलपत्र पुन परिमार्जन गर्न तथा फिर्ता लिन अनुमति हुनेछैन ।

## ७. बोलपत्रको मुल्याङकन

बोलपत्रको मुल्याङकन तपशिल बमोजिम प्रक्रियागत चरणमा हुनेछ ।

### ७.१ गोपनियता

बोलपत्र परीक्षण, स्पष्टता, तुलना, मूल्याङकन आदिका बारेमा कुनै पनि सूचना, बोलपत्र आवेदक वा अन्य कुनै अनाधिकृत व्यक्तिलाई प्रदान गरिने छैन । समग्र बोलपत्रको मुल्याङकन वा छनौट प्रक्रिया वा निर्णय प्रक्रियालाई प्रभावित पार्ने गरी कुनै पनि आवेदक कम्पनी वा फर्मबाट प्राप्त प्रयासहरुले उक्त कम्पनी वा फर्मको बोलपत्र अस्विकृत गर्न/गराउन बाध्य पार्नेछ ।

### ७.२ बोलपत्रको स्पष्टिकरण

बोलपत्रको परीक्षण, तुलना र मूल्याङ्कन प्रक्रियालाई थप सहजता खोज्न, खरिदकर्ताले बोलपत्र

आवेदकलाई समझदारीपुर्वक बोलपत्रमा थप स्पष्टताका बारेमा सोध्न सक्नेछ ।

### ७.३ बोलपत्र निबेदकको सहभागिता

बोलपत्र निबेदकलाई बोलपत्र खोल्ने मितिले २ दिन अगाडि उपस्थितिको लागि इमेल मार्फत जानकारी गरिनेछ । सहभागी हुन लाग्ने खर्च स्वयम बोलपत्र निवेदक आफैले ब्यहोर्नु पर्नेछ । बोलपत्र निवेदक सहभागी नभएमा बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

## ८. बोलपत्रको प्रारम्भिक परीक्षण

८.१ खरिदकर्ताले प्राप्त बोलपत्र उपर, आवश्यक कागजात पूर्ण भए/नभएको, कुनै टाईपिङ/लेखन सम्बन्धी गल्ती भए/नभएको, हरेक कागजातमा आधिकारीक हस्ताक्षर भए/नभएको र तोकिएको कागजातहरु क्रमबद्ध भए/नभएको एकिन गर्नका लागि प्रारम्भिक निरीक्षण गर्नेछ ।

८.२ गणितिय गल्तिहरु तपशिल बमोजिम समायोजन गरिने छन् ।

- यदि प्रति ईकाई मुल्य र जम्मा मुल्यमा फरक देखिएमा, प्रति ईकाई मुल्यलाई जम्मा परिमाणसंग गुणन गरि जम्मा मुल्य निकालिने छ र प्रति ईकाई मुल्यको आधारमा जम्मा मुल्य सच्चाईने छ ।
- यदि जम्मा रकम र प्रति ईकाईको दररेटबाट हुन आउने जम्मा रकममा फरक देखिएमा, प्रति ईकाईको जम्मा दररेट यथावत रहने छ र जम्मा रकम सच्चाईनेछ ।

८.३ विस्तृत मूल्याङ्न पुर्व, बोलपत्र आवेदक कर्ताको वास्तविक अनुकुलता थाहा पाउन, उत्पादन क्षमता र प्राप्त सामानको गुणस्तरको आधारमा आवेदक कम्पनी वा फर्मको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

८.४ यदि कुनै बोलपत्र आवेदक कम्पनीको निरीक्षण गर्दा, प्राप्त प्रतिक्रिया उपर्युक्त नदेखिएमा, त्यस्ता आवेदक कम्पनीलाई खरिदकर्ताले अस्विकार गर्नेछ, वा पुन समायोजनका लागी जानकारी गर्न सक्नेछ ।

## ९. बोलपत्रको तुलना तथा मूल्याङ्कन

९.१ बोलपत्रको मूल्याङ्कन बोलपत्रमा समावेश गरिएको प्रतिस्पर्धामा आधारित मुल्य र प्राप्त नमुना सामानको गुणस्तरीयताको आधारमा गरिने छ । यसरी मूल्याङ्कन गर्दा कम्पनी/फर्मको कार्यकुशलता, क्षमता र विगतका अनुभवहरुलाई पनि उत्तिकै महत्व दिईने छ ।

९.२ बोलबत्रको लागि तोकिएको अनिवार्य आवश्यक कागजतहरु (१८ को क) अनुसार नभएमा मूल्यांकन प्रक्रियामा सहभागी गरिने छैन् ।

## १०. सम्झौता पुरस्कृत

### १०.१ नेशनल खरिद कन्सोर्टियम कमिटी

१०.१.१ बोलपत्र खोल्ने वा सम्झौता पुरस्कृत गर्ने समयमा यदि कुनै बोलपत्र आवेदक कम्पनी वा फर्मले बोलपत्र सम्बन्धि कुनै पनि विषयमा नेशनल कन्सोर्टियम कमिटीलाई सम्पर्क गर्न चाहेमा, लिखित माध्यम

मार्फत हुनु पर्नेछ ।

१०.१.२ बोलपत्र आवेदक कम्पनी वा फर्मद्धारा, समग्र बोलपत्रको मूल्याङ्कन, छनौट, निर्णयात्मक प्रक्रिया र सम्झौता पुरस्कृतलाई प्रभावित पार्ने गरी प्राप्त प्रयास वा माध्यमले, उक्त कम्पनी वा फर्मको बोलपत्र खारेजी गर्न बाध्य पार्नेछ ।

## ११. कुनै पनि बोलपत्रलाई स्वीकार तथा कुनै पनि बोलपत्र वा सबै बोलपत्रलाई अस्वीकार गर्ने अधिकार

कुनै पनि बोलपत्र सुचना दिएर वा कुनै सुचना विना नै छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेशनल कन्सोर्टियम कमिटीमा निहित हुनेछ ।

## १२. बोलपत्र छनौट

१२.१ नेशनल खरिद कन्सोर्टियम कमिटीले कुनै पनि सफल बोलपत्र आवेदकलाई, सबैभन्दा कम दररेट भएको, नमुना परीक्षण गर्दा राम्रो गुणस्तरको सामग्री पाईएको तथा कम्पनी/फर्मको निरीक्षण गर्दा सन्तोषजनक कार्यक्षमता भएको आदि सूचकको आधारमा बोलपत्र छनौट गर्नेछ ।

१२.२ आवश्यकताको आधारमा कमिटीले छोटोसूचिमा परेका उत्कृष्ट बोलपत्र आबेदकलाई सामग्रीको सुचिकृत मूल्यमा पूनः मोलमोलाई गरी उत्कृष्ट बोलपत्र छनोट गरिनेछ ।

## १३. सामानको परिमाणमा परिवर्तन गर्न सक्ने अधिकार

TOR मा कुनै परिवर्तन नहुनेगरी, संस्थाले तोकिएको परिमाणमा, खरिद माग गर्दा आवश्यकता अनुसार परिमाण घटाउन तथा बढाउन सक्नेछ ।

## १४. भ्रष्टाचार, घुस तथा ठगी आशयको अभ्यास

बोलपत्र आवेदकले पुरै खरिद तथा परियोजना कार्यान्वयन प्रक्रिया अवधिभर उच्चतम नैतिक आचरण देखाउने छ भन्ने आशा गर्दछ । यस नितिमा आधारित भएर,

(क) यस प्रावधानमा लागु हुने सर्तको बारेमा निम्नानुसार परिभाषित गर्दछ,

“भ्रष्ट अभ्यास” भन्नाले, कुनै पनि सार्वजनिक तथा निजि क्षेत्रको आधिकारीक व्यवहार, जुन असहज वा गैरकानुनी रुपले, निज वा निजको नजिकको सम्बन्धबाट, वा अरु कसैलाई यो काम गर्न अभिप्रेरित गराई, आफु आवद्ध पदको दुरुपयोग गरी, कुनै पनि चिज अरुलाई टक्र्याउनु, दिन वा लिन अनुरोध गर्नु, र कुनै पनि खरिद प्रक्रिया तथा कार्यान्वयनको सम्झौतालाई प्रभावित पार्ने गरी गरिने कार्य भन्ने बुझिन्छ ।

(ख) “ठगी अभ्यास” भन्नाले, तथ्यको गलत प्रतिनिधित्व हुने गरी वा खरिद तथा सम्झौता कार्यान्वयन प्रक्रियालाई प्रभावित पार्ने गरि, बोलपत्र आवेदकबाट बोलपत्र पेश गर्नु पुर्व वा पछि, हुन सक्ने, कुनै पनि घातक, हानिकारक, गैरकानुनी अभ्यास, जुन बोलपत्रको दररेट कृत्रिम तथा अप्रतिष्प्रर्धी तहबाट श्रृजना भई/गराई खरिदकर्तालाई स्वतन्त्र खुला प्रतिष्प्रर्धाको अवसरबाट वञ्चित गराउने खालले डिजाईन भन्ने

बुझिन्छ ।

(ग) बोलपत्र आवेदक, कुनै पनि प्रकारको भ्रष्ट तथा ठगी अभ्यासमा संलग्न भई सम्झौता प्रतिष्पर्धामा प्रश्न देखिएमा, बोलपत्र अस्विकृत गरिनेछ ।

(घ) यदि कुनै समयमा फर्म भ्रष्ट तथा ठगी अभ्यासमा आवद्ध भई प्रतिष्पर्धी सम्झौता कार्यान्वयनमा प्रभावित हुनेगरी कार्य गरेमा, उक्त फर्मलाई कुनै पनि प्रकारको खरिद प्रक्रियामा छनौट तथा कार्यान्वयनका लागि अनिश्चित तथा कुनै निश्चित समय सम्मका लागी अयोग्य घोषणा गरिनेछ ।

१४.१ बोलपत्र आवेदकले सम्झौतामा व्यक्त गरिएका सर्तहरुका बारेमा सचेत हुनुपर्नेछ ।

## १५. बजेट तथा भुक्तानीको माध्यम

बोलपत्र आवेदक कम्पनीले प्रस्तावना पेश गर्ने समयमै विस्तृत विवरण सहितको बजेट योजना (Financial Proposal) पेश गर्नु पर्नेछ ।

- भुक्तानी सम्बन्धीत कम्पनीको बैंक खातामा जम्मा गरिनेछ ।
- भुक्तानी Account Payee Cheque मार्फत मात्र हुनेछ ।
- यस परियोजनामा अग्रिम भुक्तानीको कुनै पनि प्रावधान हुने छैन ।

## १६. बोलपत्र आवदेकको न्यूनतम योग्यता

नेपाल सरकारको आधिकारीक निकायमा दर्ता भएको, सम्बन्धित क्षेत्रमा पर्याप्त कार्य अनुभव भएको योग्य कम्पनी वा फर्म तथा निजि संस्थाहरुले यस परियोजनाका लागी आवेदन पेश गर्न सक्नेछन् । कम्पनी वा फर्मको पर्याप्त अनुभव वा विज्ञता यस प्रकार हुनु पर्नेछ ।

- शैक्षिक सामग्री आपुर्ति सम्बन्धी पर्याप्त ज्ञान तथा अनुभव भएको ।
- परियोजनाको कार्यसम्पादन पुरा गर्नका लागि पर्याप्त मानव स्रोत साधन, मेसिन तथा औजारहरुको व्यवस्था भएको ।
- पारदर्शिता तथा जवाफदेहिता कायम गर्न सक्ने संस्थागत क्षमता भएको ।

## १७. कम्पनी/फर्मको जिम्मेवारी

कम्पनी/फर्मले ToR मा उल्लेखित कार्य, तोकिएको बजेट तथा समय सिमाभित्र पुरा गर्न जिम्मेवार हुनेछ ।

## १८. बोलपत्र आवेदक कम्पनी/फर्मले बुझाउनु पर्ने आवश्यक कागजातहरु

**क) अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

- कम्पनी वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
- आर्थिक वर्ष २०७९/०८० को कर चुक्ताको प्रमाण पत्र प्रतिलिपी वा म्याद थपको प्रतिलिपी

- VAT दर्ताको प्रमाण पत्र प्रतिलिपी
- बोलपत्र सुरक्षा जमानी पत्र (Bank Guarantee) बोलपत्र संस्थाले तोकेको आह्वानकर्ताको नाममा भएको पत्र
- बोलपत्र आवेदकले दरभाउ पत्रको साथै आफूले सप्लाई गर्ने सामग्रीको नमूना पेश गर्नु पर्ने छ
- बोलपत्र आवेदक कम्पनी/फर्म कालो सूचि वा कुनै कारबाहीमा नपरेको स्वःघोषणा पत्र (अनुसुची १)

नोटः माथि उल्लेखित सबै कागजातहरु पेश गर्नु पर्ने छ । कुनै कागजातहरु अपुग भएमा सो आवदेक वा कम्पनी/फर्मलाई मूल्यांकन प्रक्रियामा सहभागि गराइने छैन ।

**ख) सान्दर्भिक अन्य कागजातहरुः**

- गत आर्थिक बर्षको अडिट रिपोर्ट प्रतिलिपी
- अन्य कुनै संस्था, कम्पनी वा फर्मसंग यस्तै वा सम्बन्धीत कार्य अनुभवको कृतज्ञता, क्षमता तथा सेवा प्रदायको बारेमा लेखिएको चिठी वा कागजात ।

## १९. कार्य व्यवस्थापन

छनौट भएको कम्पनी वा फर्मले, कार्य मुल्याङकनको व्यवस्थापन र समयमै अपेक्षित गुणस्तरको काम/सेवा प्रदानको लागि जवाफदेही हुनु पर्नेछ ।

## २०. सम्झौताको खारेजी

यदि कम्पनी वा फर्मले सम्झौता प्रतिकुल हुनेगरी कुनै कानुनी वा प्रक्रियागत कार्यगरेको देखिएमा, संस्थाले सम्झौताको खारेजी गर्न सक्नेछ । तर यस प्रकारको सम्झौता खारेजी गर्नका लागी संस्थाले सम्बन्धित कम्पनी वा फर्मलाई सम्झौताको खारेजी सम्बन्धी ७ दिन पुर्व लिखित जानकारी गराउनेछ ।

## २१. गोपनियता

सम्झौता कार्यान्वयनको अवधीभर वा सम्झौता समाप्त वा खारेजी भएको कुनै पनि समयमा, कम्पनी वा फर्मले कुनै पनि व्यक्तिसंग, यस सम्झौतासंग कुनैपनि गोप्य सुचना, प्रचार/प्रसारण गर्ने छैन ।

## २२. प्रतिलिपी

यस ToR मा उल्लेखित, कम्पनी वा फर्मले पेश गरेको कागजातहरुको सम्पूर्ण प्रतिलिपी अधिकार संस्थामा निहित हुनेछ ।

## २३. प्रस्तावना वा बोलपत्र पेश गर्ने माध्याम

बोलपत्र वा प्रस्तावना व्यक्ति स्वंयम् वा अधिकार प्राप्त प्रतिनिधि उपस्थित भई मिति २०८० मङ्गसिर ६ गते (२२ नोभेम्बर २०२३) तारिक कार्यालय समय भित्र, तपशिलमा उल्लेखित ठेगानामा आईपुग्नु पर्नेछ । सिलबन्दी गरिएको बोलपत्र वा प्रस्तावनामा बाहिर **"प्रारम्भिक बालविकास कक्षाका लागि सिकाइ सामग्री -बोलपत्र"** भन्ने बाहिर लेखेर पेश गर्नु पर्नेछ र दर्ता गर्नु गराउनु पर्ने छ ।

**तपशिलः**

बोलपत्र पेश गर्न सकिने संस्थाहरु:

१. कर्णाली एकिकृत ग्रामिण विकास तथा अनुसन्धान केन्द्र नेपाल, (किर्डाक) नेपाल सानेपा, ललितपुर (फोन नं ०१-५४२१६७८) ।

वा

२. सामुदायिक विकास केन्द्र, धनगढी उप.नगरपालिका वडा.न ५ तारानगर, कैलाली (फोन नं ९८४८४९५१५४) ।

वा

३. लघु व्यवसायको लागि प्राकृतिक श्रोत व्यवस्थापन तथा लैगिंक सचेतनामा दिगो पहुँच (संगम), कोपिला भवन, बे न पा ७, म्याग्दी (फोन नं ०६९-५२०९५९) वा नौलो घुम्ती नेपाल, पोखरा १७ सितापाईला, कास्की ( फोन नं ०६१-४०२०७० /७१) ।

वा

४. दलित समाज उत्थान समिति नेपाल, विश्वकर्मा चोक, जनकपुर ४ धनुषा (फोन नं ९८४४२७०२३३/९८५४०२१६७६) ।

वा

५. ग्रामिण विकास तथा सशक्तिकरण केन्द्र, ताडी २, नुवाकोट (फोन नं ९८६०८०७०२२/९८४३५४७८६५) ।

वा

६. गुड नेवर्स ईन्टरनेशनल नेपाल, एकान्तकुना- १३, ललितपुर, नेपाल (फोन नं ०१-५४३८७५८) ।

**कार्य तालिका (अनुमानित)**

| क.स. | कियाकलाप | समय |
|---|---|---|
| १. | सूचना प्रकाशन | २०२३ नोभेम्बर पहिलो हप्ता |
| २. | बोल पत्र खोल्ने | २०२३ डिसेम्बर पहिलो हप्ता |
| ३. | बोलपत्र बिश्लेषण | २०२३ डिसेम्बर दोस्रो हप्ता |
| ४. | प्राथमिकतामा परेका सप्लायर्सहरुसंग मोलमोलाइ बैठक | २०२३ डिसेम्बर दोस्रो र तेस्रो हप्ता |
| ५. | सप्लायर्स छनौट | २०२४ जनवरी पहिलो हप्ता |
| ६. | सप्लायर्ससंग सम्झौता | २०२४ जनवरी दोस्रो र तेस्रो हप्ता |
| ७. | RR स्वीकृती | फेब्रुअरी दोस्रो हप्ता |
| ८. | खरिद आदेश पत्राचार | फेब्रुअरी तेस्रो हप्ता |
| ९. | साप्लायर्सले उत्पादन र वितरण | खरिद आदेश पत्राचार भएको ४५ देखि ६० दिन भित्र |

# अनुसुची १

# स्व घोषणा पत्र

श्री कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) नेपाल

**बिषयः स्व-घोषणा सम्वन्धमा ।**

उपरोक्त विषयमा ................................................................ फर्म/कम्पनी/उद्योगले आजका मितिसम्म कुनै पनि अपराधिक क्रियाकलाप, ठगी, भष्ट्रचार,जालसाजी, कालोबजारी गरी नेपाल सरकारको कानुन बमोजिमको कुनै पनि सजायँ नभोगेको व्यहोरा त्यस कार्यालयलाई जानकारी गराउनुका साथै अनुरोध गर्दछौ ।

सञ्चालको नाम :

सम्पर्क नम्बर :

हस्ताक्षर :

मिति :